ISSN: 2976-1263 (PRINT)

INNOVATIVE RESEARCH JOURNAL
Volume: 5, Issue: 1
June 2026

Research Article

# 'साकार सपना' कथाको समाजभाषिक विश्लेषण

[1]कविता दुलाल, || [2]महेश प्रसाद भट्ट
[1]सानोठिमी क्याम्पस, सानेठिमी भक्तपुर, [2]महेन्द्ररत्न क्याम्पस, ताहाचल
*kabitadulal23@gmail.com, bhattmpb@gmail.com*

**Article Detail**
**Received on:** April 2, 2026
**Revised on:** May 23 2026
**Accepted:** June 22, 2026
**Published:** June 30, 2026

**पारिभाषिक शब्दावली** : *सामाजिक भाषा विज्ञान, समाजभाषिकता, आधारभूत तह, कथा विधा, भाषिक प्रयोग, साकार सपना ।*

**Cite as:**
दुलाल, क., & भट्ट, म. प्र. (२०२६). 'साकार सपना' कथाको समाजभाषिक विश्लेषण। *Innovative Research Journal, 5*(1), १०८-१२०
https://doi.org/10.3126/irj.v5i1.97120

**Copyrights:** Copyright (c) 2026 Innovative Research Journal

This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.

## लेखसार

प्रस्तुत अनुसन्धानमूलक लेख कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट साकार सपना कथाको समाजभाषिक अध्ययनमा आधारित रहेको छ। यसको उद्देश्य उक्त कथामा प्रयुक्त पात्रहरूको समाजभाषिक स्थिति, भूमिका र पात्रहरूले प्रयोग गरेको भाषाको विश्लेषण गर्नु रहेको छ । यसमा गुणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । प्राथमिक स्रोतीय सामग्रीका रूपमा कक्षा आठको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट साकार सपना कथा र द्वितीयक स्रोतीय सामग्रीका रूपमा शीर्षकसँग सम्बन्धित अनुसन्धनात्मक लेख तथा इन्टरनेटबाट प्राप्त सामग्रीलाई लिइएको छ । यसमा आगमनात्मक विधिको प्रयोग गरी सामग्रीको विवेचन गरिएको छ। अध्ययनबाट वर्ग, लिङ्ग, शिक्षा र उमेरका आधारमा पात्रहरूले प्रयोग गर्ने भाषामा विविधता रहेको पाइएको छ । साकार सपना कथामा पुरुष पात्रहरूको मात्र बाहुल्यता रहेको छ। प्रयुक्त पात्रहरूले प्रयोग गरेको भाषामा वर्गीय, लैङ्गिक, शैक्षिक र उमेरगत आधारमा भिन्न भिन्न रहेको निष्कर्ष प्राप्त भएको छ। यस अध्ययनबाट सम्बन्धित विषयका अध्येताहरुलाई आवश्यकीय सहयोग पुग्ने विश्वास अनुसन्धानकर्ताहरुका तर्फबाट गरिएको छ ।

* **Corresponding Author:** नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रि. वि., नेपाल
**Email address:** *bhattmpb@gmail.com*, (म. प्र. भट्ट).

## अध्ययनको पृष्ठभूमि

भाषाको समाजपरक अध्ययन गर्ने प्रायोगिक भाषा विज्ञानको परिधीय क्षेत्र सामाजिक भाषाविज्ञान हो । "भाषाको सैद्धान्तिक स्वरूपको अध्ययनले मात्र भाषाको वर्णन र व्याख्या पूर्ण हुन नसक्ने तथा भाषाको व्यावहारिक र संरचना पक्ष दुवैको अध्ययन हुनुपर्ने धारणाका साथ सामाजिक भाषाविज्ञानको उदय भएको हो" (रिजाल, २०७४, पृ. १) । "…. त्यसो त भाषाविज्ञानको क्षेत्रमा विलियम लेबाब फिसम्यान, गम्पर्ज जस्ता भाषाशास्त्रीले भाषालाई मुख्य रूपमा सामाजिक वस्तुका रूपमा स्वीकारेको पाइन्छ" (भट्टराई, २०७९, पृ. २) । समाजबिना भाषाको अध्ययन पूरा नहुने भएकाले भाषाको महत्व सामाजिक अवस्थितिमा रहेको हुन्छ । प्रायोगिक भाषाविज्ञानको विकासका क्रममा सामाजिक भाषाविज्ञानको उत्पत्ति भएको हो । भण्डारी र पौडेल (२०७८) का विचारमा सामाजिक भाषाविज्ञान भाषाको समाजपरक अध्ययन हो । यसले समाजको विविधतालाई आधार मानेर भाषाको अध्ययन गर्छ ।

समाजभाषिक अध्ययन भनेको समाजको रीतिरिवाज, चालचलन, भौगोलिक बनावट, जाति र संस्कृतिअनुसार गरिने भाषिक अध्ययन हो । यी आधारमा नेपाली साहित्यका केही कृतिहरुमा आधारित रही समाजभाषिक अध्ययन गरिएको पाइन्छ । आधारभूत तह कक्षा आठमा प्रयुक्त साकार सपना कथामा आधारित रहेर समाजभाषिक गर्नु नै प्रस्तुत लेखको अध्ययनीय विषय रहेको छ । यसमा कथामा प्रयोग गरिएका पात्रहरुको लिङ्ग, वर्ग, क्षेत्र, जातजाति, संस्कार, संस्कृति र शैक्षिक स्तरका आधारमा भाषाको प्रयोग कसरी गरिरहेका छन् भन्ने विषयको अध्ययन गरिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख साकार सपना कथाको समाजभाषिक अध्ययनमा आधारित छ । यसमा गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । यसमा वर्णनात्मक र आगमनात्मक विधिको उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत कक्षा आठको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट साकार सपना कथालाई लिइएको छ । द्वितीयक स्रोतअन्तर्गत अनुसन्धनात्मक लेख र इन्टरनेटलाई लिइएको छ । समाजभाषिक सिद्धान्तका आधारमा समाविष्ट कथाहरुमा प्रयुक्त पात्रहरूले प्रयोग गरेको भाषाशैलीको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

भाषाभित्र निहित विविध रूप नै भाषिक भेद हुन् । "एउटै भाषाभित्रका अनेक रूपहरूलाई सामान्यतः काल, स्थान, सामाजिक वर्ग, विषय र माध्यमका आधारमा हेर्न सकिन्छ" (पनेरु, २०७४, पृ. १८०) । भाषाले सामाजिक व्यवहारलाई संचालन गर्ने गर्छ । समाजमा पाइने विविधताअनुसार भाषाको उपयोगमा पनि विविधता रहेको हुन्छ । "कुनै पनि भाषाका वक्ता, श्रोता, प्रसङ्ग, विषय, अवसर, क्षेत्र र समय आदि अनेक आधारमा थुप्रै भाषिक भेदको जन्म भएको हुन्छ । बोधगम्यता, स्थानीयताको असर, भौगोलिक विकटता, वक्ताको भाषिक ज्ञान, भाषाको औपचारिक र अनौपचारिक प्रयोग जस्ता पक्षका कारण भाषिक भेदको विकास भएको हुन्छ" (पौडेल र धामी, २०७६, पृ. २९) । प्रस्तुत सन्दर्भमा भाषिक भेदहरूलाई क्षेत्रीय भेद,

कालिक भेद, सामाजिक भेद, विषयगत भेद, प्रसङ्गगत भेद र माध्यमगत भेद गरी छुट्याइएको छ ।

## सामाजिक भेद

भाषा सामाजिक वस्तु हो । यसको प्रयोग क्षेत्र समाज हो । समाजलाई गतिशील बनाउनका लागि भाषाको आवश्यकता पर्दछ । फरक फरक ठाउँको सामाजिक संरचना फरक नै हुन्छ अर्थात् प्रत्येक समाजको भाषिक संरचना बेग्लै हुन्छ । समाजको आफ्नै संरचनागत प्रबन्ध हुन्छ । "सामाजिक स्थिति विभिन्न जातजाति, धर्म, व्यवसाय, लिङ्ग, उमेर आदिका आधारमा बनेको हुन्छ र भाषा पनि यही वर्गमा आधारित हुन्छ । उक्त सामाजिक बनोट अनुसार भाषामा देखापरेको भेद नै सामाजिक भेद हो" (भण्डारी र पौडेल, २०७८, पृ. ४१०) । कुनै पनि समाजमा रहेका एकभाषिक, बहुभाषिक र द्विभाषिक वक्ताहरूको परस्पर सम्पर्कका कारणले पनि भाषाका सामाजिक भेदहरू हुन्छन् । समाजमा बसोबास गर्ने व्यक्तिको लिङ्ग, उमेर, शिक्षा, पेसा, जाति आदि कारणले भिन्न हुने भाषिक भेद नै सामाजिक भेद हो । यस्ता भेदमध्ये प्रस्तुत शोधपत्रले समावेश गर्ने सामाजिक स्थितिलाई यहाँ उल्लेख गरिएको छ :

### *वर्गको आधार*

समाजमा रहेका व्यक्तिहरूको आर्थिक स्तर वा मानको आधारमा समाजमा वर्ग विभाजन भएको हुन्छ । समाजमा बसोबास गर्ने सबैको आर्थिक स्थिति समान हुँदैन । आर्थिक असमानताका कारण व्यक्तिले शिक्षा र रोजगारमा पाउने अवसर तथा अँगालेको पेसा अलग हुने गर्दछ । असमान आर्थिक अवस्थाले गर्दा समाज उच्च, मध्यम र निम्न वर्गमा विभाजित छ । मालिक र सेवकको भाषा, प्रतिष्ठित वर्ग, राणा/ठकुरी र अन्य वर्गले उपयोग गर्ने नेपाली भाषालाई वर्गीय भेदको नमुना मानिन्छ । नेपाली समाजमा भएका विभिन्न वर्गका मानिसहरूको भाषामा हुने अन्तरलाई निम्नानुसार चर्चा गरिएको छ :

**उच्च वर्ग** *:* नेपाली समाजमा कुलीन परिवारका व्यक्तिहरूलाई उच्च वर्गमा राखिएको पाइन्छ । उनीहरूले प्रयोग गर्ने भाषा उच्च आदरको हुन्छ । "सम्पन्न साहित्यिक इतिहास र समृद्ध परम्परा भएको भाषामा प्रचलित रहेको प्रतिष्ठित भाषिक भेद नै उच्च भेद हो" (भण्डारी र पौड्याल, २०७२, पृ. ३९) । यस वर्गका व्यक्तिहरूले प्रयोग गर्ने भाषामा स्तरीकृत र मानकीकृत रहेको पाइन्छ । नेपालमा सम्भ्रान्त वर्ग, शाह तथा राणाहरूले बोल्ने आइस्योस्, गइस्योस्, हजुर जस्ता भाषा यसका नमुना हुन् ।

**मध्यम वर्ग** *:* मध्यम वर्ग भन्नाले उच्च वर्गभन्दा तल्ला र निम्न वर्गभन्दा माथिल्ला व्यक्तिहरूको वर्ग हो । यस वर्गका मानिसहरूले प्रयोग गर्ने भाषामा उच्च तथा मध्यम आदरको बढी प्रयोग हुन्छ । यस वर्गका मानिसहरूले पनि मानक स्तरीय भाषाको उपयोग गरेको पाइन्छ । मध्यम वर्गका व्यक्तिले प्रयोग गर्ने भाषा साझा सम्पर्कको भाषाको रूपमा रहेको हुन्छ । उदाहरणको लागि जानुभयो, आउनुभयो, गर्नुहोस्, भन्छिन् आदि ।

**निम्न वर्ग** : मध्यम वर्गभन्दा तल्लो वर्गका मानिसहरू यस वर्गमा पर्दछन् । "पारिवारिक कुराकानी तथा अनौपचारिक सन्दर्भमा प्रयोग गरिने भाषाको भेद निम्न भेद हो" (भण्डारी र

पौड्याल, २०७२, पृ. ४०) । समाजमा हुँदा खाने वर्गहरूलाई निम्न वर्गअन्तर्गत राखिन्छ । यस्ता वर्गका व्यक्तिहरूको भाषामा शीष्टता र स्तरीयता न्यून रहेको पाइन्छ । निम्न वर्गका पात्रहरूले प्रयोग गर्ने भाषामा बढी अश्लीलपन, आदरहीन, स्तरहीन पाइन्छ, जस्तैः तँ, जा, गर्छस्, भन्छे आदि ।

### *लिङ्गको आधार*

प्रकृतिले गरेको भेद लिङ्ग हो । हाम्रो समाजमा मानिसलाई लिङ्गका आधारमा पुरुष र महिला गरी दुई वर्गमा विभाजन गरिएको छ । एउटै भाषामा पनि महिला र पुरुषले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । यसरी भाषाको प्रयोगलाई लिङ्गको आधारमा पुरुषले प्रयोग गर्ने भाषा र महिलाले प्रयोग गर्ने भाषा गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

**पुरुष** : भाषा प्रयोगमा महिलाको भन्दा पुरुषको भाषामा कठोरपन, निरसपन, रुखो, आदेशात्मक, तार्किक, वैचारिक, निर्णयात्मक साथै वीरतापूर्ण अभिव्यक्ति पाइन्छ । ध्वन्यात्मक भेद र शब्दाभण्डार क्षमताले गर्दा समुदायमा महिला र पुरुषले प्रयोग गर्ने भाषामा स्पष्ट रूपमा अन्तर रहेको देखिन्छ ।

**महिला** : महिला वर्गले प्रयोग गर्ने भाषामा सरल, सुमधुर, कोमल, भावुकपन, नम्रपन जस्ता गुण पाइन्छन् । उनीहरूले भाषामा स्त्रीलिङ्गी क्रियापदको प्रयोग गर्छन्, जस्तैः भनेकी थिएँ, आएकी थिई, गएकी छे आदि ।

### *उमेरको आधार*

समाजमा विभिन्न उमेर समूहका मानिसहरूको बसोबास हुन्छ, जसमा बालक, युवा, प्रौढ र वृद्ध मानिसहरू समावेश हुन्छन् । उनीहरूले प्रयोग गर्ने भाषामा स्पष्ट विविधता पाइन्छ ।

**बालक** : बालबालिकाले बोल्ने भाषालाई बालभाषा भनिन्छ । बालकले बोल्ने भाषामा बालबोली, एक शब्दे बोली, टेलिग्राफीक बोलीको प्रयोग देखिन्छ । बालकले प्रयोग गर्ने भाषामा निश्चलता, मिठास र कोमलताको गुण पाइन्छ । बालाभाषामा चाचा, नाना, बुबु, माम, पापा जस्ता भाषाको प्रयोग हुन्छ ।

**युवा** : बाल्यावस्थापछि आउने अवस्था युवा अवस्था हो । यस उमेर समूहका व्यक्तिहरूले भाषालाई परिमार्जित गरेर प्रयोग गर्ने गर्दछन् । सामान्यतया यस समूहका व्यक्तिले प्रयोग गर्ने भाषामा बढी श्रृङ्गारिकता, रहस्यमयता, निडरता, लाक्षणीकता, व्यङ्ग्यात्मकता तथा साङ्केतिक जस्ता गुणहरू पाइन्छन् ।

**प्रौढ** : प्रौढ अवस्थाका व्यक्तिहरूले प्रयोग गर्ने भाषा सरल प्रकृतिको हुन्छ । यिनीहरूले प्रयोग गर्ने भाषा बालक र युवा अवस्थाको भन्दा फरक हुन्छ । उनीहरूले प्रयोग गर्ने भाषामा व्यावहारिकता पाइन्छ । मानवीय जीवनका यथार्थ अनुभूतिजन्य कुराको प्रकटीकरण भएको पाइन्छ ।

**वृद्ध** : ६० वर्षभन्दा माथिको उमेर समूहलाई वृद्ध उमेर भनिन्छ । यस उमेर समूहका व्यक्तिहरूले आफ्नो संस्कृतिअनुसार शिष्ट र मर्यादीत भाषाको प्रयोग गर्दछन् । यिनीहरूको

भाषाशैली सहज र सरल प्रकृतिको हुन्छ । यस उमेरका व्यक्तिहरूले धर्म संस्कारसँग सम्बन्धित शब्दहरूको प्रयोग, पुराना भाषाशैलीको प्रयोग र उखानटुक्काको प्रयोगमा बढी जोड दिएको पाइन्छ ।

### *शिक्षाको आधार*

सामाजिक पहिचानको एक महत्वपूर्ण आधार शिक्षा पनि हो । शैक्षिक अवस्थाका आधारमा समाजमा भाषिक भेदको जन्म हुन पुग्दछ । समाजमा शिक्षित र अशिक्षित गरी दुवै प्रकारका मानिसका हुन्छन् । उनीहरूले प्रयोग गरेको भाषामा स्पष्ट भेद देखिन्छ ।

शिक्षित : शिक्षित वर्गका व्यक्तिहरूले प्रयोग गर्ने भाषा स्तरीय, मानक, शुद्ध, स्पष्ट, शीष्ट र औपचारिक प्रकृतिको हुन्छ । उनीहरूको भाषामा शीष्टता र बौद्धिकता रहेको पाइन्छ । जस्तैः आउनुहोस्, जानुहुन्छ, तिमीहरू, व्रत आदि ।

अशिक्षित : औपचारिक शिक्षा लिनबाट वन्चित व्यक्तिहरूले प्रयोग गर्ने भाषा अशिक्षित भाषा हो । यो भाषा बढी कथ्यको नजिक र त्रुटिपूर्ण हुन्छ । अशिक्षित वर्गले बोल्ने भाषा अनौपचारिक र क्षेत्रीय भेदबाट पनि बढी प्रभावित हुन्छ । उनीहरूको भाषिक व्यवहार अशीष्ट, अमानक, अशुद्ध र स्तरहीन हुने गर्दछ । जस्तैः खान्चस्, जान्चु, बाउ, तिमेरु, वरत आदि ।

## व्याख्या विश्लेषण

### कथामा समाविष्ट पात्रहरूको भूमिकामूलक वर्गीकरण

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा वि.स. २०८१ सालमा प्रकाशित कक्षा आठको नेपाली भाषापाठ्यपुस्तकमा जम्मा चार वटा कथा समाविष्ट छन् । प्रस्तुत पुस्तकमा समाविष्ट कथा फरक फरक समाजभाषिक स्थितिमा लेखिएका छन् । साकार सपना कथा पनि भाषापाठ्यपुस्तकमा समाविष्ट प्रमुख कथाका रुपमा रहेको छ । समाज विभिन्न जाति, वर्ग, लिङ्ग, पेसा, धर्म आदिको सङ्गमस्थल हो । समाजमा, सम्पूर्ण व्यक्तिहरू वर्ग, उमेर, लिङ्ग, शिक्षा आदिका आधारमा फरक फरक हुन्छन् । यही कारण एउटै समाजमा रही एउटै भाषा प्रयोग गर्ने व्यक्तिहरूमा पनि भाषिक विविधता पाइन्छ । तसर्थ उल्लेखित कुराका आधारमा साकार सपना कथाका पात्रहरूलाई वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा निम्नानुसार छुट्टाछुट्टै शीर्षकमा वर्गीकरण गरिएको छ :

*तालिका नं. १. साकार सपना कथामा समाविष्ट पात्रहरूको वर्गीकरण*

| **पात्रहरुको नाम** | **वर्ग** | | | **लिङ्ग** | | **उमेर** | | | | **शिक्षा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उच्च | मध्यम | निम्न | महिला | पुरुष | बाल | युवा | प्रौढ | वृद्ध | शिक्षित | अशिक्षित |
| **पृथ्वीनारायण शाह** | + | − | − | − | + | − | + | − | − | + | − |
| **जयप्रकाश मल्ल** | + | − | − | − | + | − | − | + | − | + | − |
| **गोल्डिङ** | + | − | − | − | + | − | − | + | − | + | − |
| **रामदास** | − | + | − | − | + | − | + | − | − | − | + |
| **उमदा** | − | + | − | − | + | − | + | − | − | − | + |
| **सेक्रेटरी** | − | + | − | − | + | − | + | − | − | + | − |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **द्वारे** | − | + | − | − | + | − | − | + | − | − | + |
| **रम्बोल्ड** | + | − | − | − | + | − | − | + | − | + | − |
| **वंशु गुरुङ** | − | + | − | − | + | − | + | − | − | − | + |
| **वंशराज पाण्डे** | − | + | − | − | + | − | + | − | − | − | + |
| **वीरभद्र उपाध्याय** | − | + | − | − | + | − | + | − | − | + | − |
| **किनलक** | + | − | − | − | + | − | + | − | − | + | − |
| **श्रीहर्ष पन्त** | − | + | − | − | + | − | − | + | − | + | − |
| **हेयर से** | − | + | − | − | + | − | − | + | − | + | − |

तालिका न. १ मा प्रस्तुत तथ्याङ्कअनुसार **साकार सपना** कथामा १४ जना पात्रहरूको प्रयोग गरिएको छ। कथामा पात्रहरूको उमेर, वर्ग र शिक्षा उल्लेख गरिए पनि पात्रहरुको व्यवहार, बोलीचाली र उनीहरूमा देखिएको परिपक्वताका आधारमा पात्रहरूको वर्गीकरण गरिएको छ । कथामा पाँच जना उच्च र नौ जना मध्यम वर्गका पात्रहरूको प्रयोग गरिएको छ। कथामा पुरुष पात्रहरूको मात्र प्रयोग गरिएको छ। महिला पात्रहरूको सहभागिता शून्य रहेको देखिन्छ। उमेरका आधारमा विश्लेषण गर्दा उक्त कथामा सात जना युवा पात्र पाँच जना प्रौढ पात्रहरूको भूमिका रहेको देखिन्छ। बाल पात्र र वृद्ध पात्रलाई भने यस कथामा समावेश गरिएको देखिँदैन। त्यसैगरी १४ जना पात्रहरूमध्ये नौ जना पात्रहरू शिक्षित र बाँकी पाँच जना पात्रहरू अशिक्षित रहेका छन् ।

## कथामा प्रयुक्त भाषा

समाजमा आर्थिक, सामाजिक र पेसागत आधारमा वर्गीय विविधता रहेको हुन्छ। समाजमा हरेक वर्गले आआफ्नो अस्तित्व खोजेका हुन्छन् (रिजाल, २०७५) । प्रस्तुत उपशीर्षक अन्तर्गत विवेच्य कथामा प्रयुक्त पात्रहरुले प्रयोग गरेको भाषाको समाजभाषिक स्थितिको विश्लेषण गरिएको छ :

### *वर्गीय आधारमा भाषाको विश्लेषण*

वर्गका आधारमा उच्च, मध्यम र निम्न वर्गका मानिसहरूले प्रयोग गर्ने भाषामा फरकपन पाइन्छ। उच्च वर्गसँग मध्यम वर्ग र निम्न वर्गका व्यक्तिले उच्च आदर प्रयोग गर्छन्। उच्च वर्गका व्यक्तिले मध्यम वा निम्न वर्गसँग विचार विनिमय गर्दा मध्यम वा निम्न आदर प्रयोग गरेका हुन्छन्। 'साकार सपना कथाका पात्रहरूले प्रयोग गरेको भाषालाई मूलतः उच्च र मध्यम वर्गीय आधारमा अध्ययन गर्न सकिन्छ :

**उच्च वर्गीय पात्रहरूले प्रयोग गरेको भाषा :** समाजमा रहेका आर्थिक स्थितिका आधारमा सबल व्यक्तिहरूलाई उच्च वर्गका व्यक्तिको रूपमा चिनिन्छ। साकार सपना कथामा १४ जना पात्रहरूमध्ये पाँच जना उच्च वर्गीय पात्रहरू प्रयोग गरिकएका छन् । पृथ्वीनारायण शाह, जयप्रकाश मल्ल, गोल्डिङ, रम्बोल्ड र किनलकले प्रयोग गरेको भाषा र उनीहरूको भूमिकाको आधारमा उनीहरु उच्च वर्गीय पात्रको भूमिकामा रहेका छन्। उनीहरुले प्रयोग गरेका भाषालाई यसप्रकार उल्लेख गरिएको छ :

"गोर्खाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन् । तपाईंहरूले मलाई सहयोग गर्नुपर्‍यो । तपाईंहरूलाई पर्दा म सहयोग गर्ने छु ।" (पृ. १२)

"नडरायो म तिमीहरूकै पत्रका बारेमा सोच्दै छु ।" (पृ. १३)

"ल जाओ तिमीहरू, तिमीहरूका राजालाई सहयोग आउँछ भनिदिनु ।" (पृ. १४)

"गौराङ्ग ! मेरा फौजले तेरा फौजलाई सिन्धुलीमै सखाप पार्‍या छ । आगासँग खेल्न लागिस् ।" (पृ. १५)

"मेरो सपना तिमीहरूले पूरा गर्‍यौ । यसको श्रेय तिमेर्कै हो ।" (पृ. १६)

उल्लिखित संवादले उच्च वर्गको प्रतिनिधित्व गरेको छ । कथामा समाजमा ठुला ठालु, राजा तथा सामन्त वर्गको आदेश तल्ला वर्गका मानिसले मान्नुपर्ने सन्दर्भ प्रस्तुत गरिएको छ । उच्च वर्गका पात्रहरूले प्रयोग गर्ने भाषामा मध्यम तथा निम्न वर्गप्रति अपहेलित, दुश्मनप्रति घृणित र कठोर तथा निर्देशनात्मक भाषाको प्रयोग गरिएको पाइन्छ जस्तैः नडरायो म तिमीहरूकै पत्रका बारेमा सोच्दै छु, ल जाओ तिमीहरू, तिमीहरूका राजालाई सहयोग आउँछ भनिदिनु, गौराङ्ग ! मेरा फौजले तेरा फौजलाई सिन्धुलीमै सखाप पार्‍या छ, आगासँग खेल्न लागिस्, मेरो सपना तिमीहरूले पूरा गर्‍यौ, यसको श्रेय तिमेर्कै हो जस्ता वाक्यहरूमा मध्यम वर्गप्रति निर्देशनात्मक र दुश्मनप्रति कठोर र आवेगपूर्ण भाषाको प्रयोग गरिएको छ । त्यसैगरी आफ्नो स्तरका मान्छेसँग उच्च आदरार्थी, शिष्ट, सभ्य र औपचारिक भाषाको प्रयोग गरिएको पाइन्छ । जस्तैः "गोर्खाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन्, तपाईंहरूले मलाई सहयोग गर्नुपर्‍यो, तपाईंहरूलाई पर्दा म सहयोग गर्ने छु ।" यस वाक्यले उच्च वर्गका मान्छेले आफ्नै स्तरका मान्छेसँग प्रयोग गरेको भाषालाई प्रष्ट पारेको छ ।

**मध्यम वर्गीय पात्रहरूले प्रयोग गरेको भाषा :** साकार सपना कथामा नौ जना पात्रहरू मध्यम वर्गीय पात्रका रूपमा रहेका छन् । मध्यम वर्गीय पात्रहरूमा रामदास, उमदा, सेक्रेटरी, द्वारे, वंशु गुरुङ, वंशराज पाण्डे, वीरभद्र उपाध्याय, श्रीहर्ष पन्त र हेयर से रहेका छन् । आर्थिक रूपमा मध्यम रहेका ती पात्रहरूले प्रयोग गरेको भाषिक अभिव्यक्ति यसप्रकार छन् :

"महाराजले यो पत्र पठाउनुभएको छ ।" (पृ. १३)

"अनर ! गोरखाका सेना धेरै छैनन् । नेपाल खाल्डामा त .... खेतिपाती गर्दै छन् ।" (पृ. १४)

"महाराज गौराङ्गको पत्र आएको छ ।" (पृ. १४)

"अर्नी छाड, गोला फोर !" (पृ. १६)

उल्लिखित संवादले मध्यम वर्गको प्रतिनिधित्व गरेको छ । मध्यम वर्गका व्यक्तिले उच्च वर्गप्रति प्रयोग गर्ने भाषालाई यहाँ देखाइएको छ । जस्तैः महाराजले यो पत्र पठाउनुभएको छ, अनर ! गोरखाका सेना धेरै छैनन्, नेपाल खाल्डामा त .... खेतीपाती गर्दै छन् , महाराज गौराङ्गको पत्र आएको छ, अर्नी छाड, गोला फोर जस्ता वाक्यहरू मध्यम वर्गका पात्रहरूले प्रयोग गरेका

हुन् । मध्यम वर्गका पात्रहरू अरुको काम गरेर खाने हुन्छन् र उनीहरूको भाषा पनि मध्यम स्तरको नै हुन्छ । उनीहरूको भाषामा नरमपना पाइन्छ । उदाहरणमा दिइएका अभिव्यक्तिले मध्यम वर्गलाई प्रष्ट पारेको छ । धेरैजसो यस वर्गले प्रयोग गर्ने भाषा सर्वत्र रूपमा प्रयोग भएको पाइन्छ । यिनीहरू सामान्य बोलीचालीको भाषा परिवेश अनुकूलको मानक भाषाको प्रयोग गर्ने गर्दछन् ।

### ***लैङ्गिक आधारमा भाषाको विश्लेषण***

लिङ्गका आधारमा समाजमा भाषाको प्रयोगमा विविधता देखिन्छ । पुरुषको भाषाभन्दा महिलाको भाषा बढी कोमल हुन्छ । यो लिङ्गगत भिन्नता हो (पौडेल, २०७६ पृ. २४) । साकार सपना कथामा १४ जना पात्रहरूमा १४ जना नै पुरुष पात्रहरू मात्र समावेश भएका छन् । प्रस्तुत कथामा महिला पात्रहरूको सहभागिता शून्य देखिन्छ । पुरुष पात्रहरूअन्तर्गत पृथ्वीनारायण शाह, जयप्रकाश मल्ल, गोल्डिङ, उमदा, रामदास, सेक्रेटरी, द्वारे, रम्बोल्ड, वंशु, वंशराज पाण्डे, वीरभद्र, किनलक, श्रीहर्ष र हेयर से रहेका छन् । उक्त कथामा पुरुष पात्रहरूले प्रयोग गरेको भाषालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

> "हैन यी गोरखाली त हाम्रै नजिक पो आइपुगेछन् । त्यो पृथ्वीनारायणलाई अङ्ग्रेजको शक्ति चखाउने वेला यही हो ।....हामीलाई चीन पुगेर व्यापार गर्न पनि सजिलो हुन्छ ।" (पृ. १३)
>
> "गोरखालीसँग कति सैनिक होलान् त ?" (पृ. १४)
>
> "हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्दछौं ।" (पृ. १४)
>
> "पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पानि लडाईं गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौँ । थप सेना पठाइदिनू ।" (पृ. १६)
>
> "गौराङ्ग ! मेरा फौजले तेरा फौजलाई सिन्धुलीमै सखाप पार्न्या छ । आगासँग खेल्न लागिस् ।" (पृ. १५)

माथि उल्लिखित उदाहरणहरू पुरुष पात्रले प्रयोग गरेका संवाद हुन् । पुरुष पात्रले प्रयोग गरेको भाषामा कठोरपन, तार्किकता, आदेशात्मकता, निर्णयात्मकता, वैचारिकता आदि पाइन्छ । जस्तैः हैन यी गोरखाली त हाम्रै नजिक पो आइपुगेछन्, त्यो पृथ्वीनारायणलाई अंग्रेजको शक्ति चखाउने वेला यही हो, हामीलाई चीन पुगेर व्यापार गर्न पनि सजिलो हुन्छ, गोरखालीसँग कति सैनिक होलान् त, हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ । हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्दछौं, हामीले मल्ललाई सहयोग गर्न सकेनौँ, थप सेना पठाइदिनू, गौराङ्ग ! मेरा फौजले तेरा फौजलाई सिन्धुलीमै सखाप पार्न्या छ, आगासँग खेल्न लागिस् जःता संवादहरूले पुरुष पात्रहरूले प्रयोग गर्ने भाषिक अभिव्यक्तिको प्रतिनिधित्व गरेका छन् ।

### ***उमेरका आधारमा भाषाको विश्लेषण***

भाषिक भेदका विभिन्न कारणमध्ये उमेर पनि एक हो । उमेरको अन्तरसँगै व्यक्तिले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । बालबालिका, युवायुवती, प्रौढ र वृद्धहरुले प्रयोग गर्ने भाषामा

विविधता हुन्छ । साकार सपना कथामा युवा र प्रौढ पात्रहरू मात्र रहेका छन् । बाल पात्र र वृद्ध पात्रको भूमिका भने प्रस्तुत कथामा देखिँदैन । उमेरका आधारमा साकार सपना कथामा रहेका युवा र प्रौढ पात्रहरूले प्रयोग गरेका भाषिक संवादलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**प्रौढ पात्रहरूले प्रयोग गरेको भाषा :** प्रौढ पात्रहरूको भाषामा मानवीय जीवनका यथार्थ अनुभूतिजन्य कुराको प्रकटीकरण भएको पाइन्छ । साकार सपना कथामा प्रौढ पात्रका रूपमा जयप्रकाश मल्ल, गोल्डिङ, द्वारे, रम्बोल्ड, श्रीहर्ष पन्त र हेयर से रहेका छन् । यिनीहरूले प्रयोग गरेको भाषिक संवादलाई निम्नानुसार उल्लेख गरिएको छ :

"गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन्, तपाईंहरूले मलाई सहयोग गर्नुपर्‍यो । तपाईंहरुलाई पर्दा म सहयोग गर्ने छु ।" (पृ.१२)

"यसमा के के छ ? मलाई सबै बुझाऊ ।" (पृ.१३)

"नडराओ म तिमीहरूकै पत्रका बारेमा सोच्दै छु ।" (पृ. १३)

"ल जाओ तिमीहरू, तिमीहरूका राजालाई सहयोग आउँछु भनिदिनू ।" (पृ. १४)

"महाराज गौराङ्गको पत्र आएको छ ।" (पृ. १४)

"हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ, हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।" (पृ. १४)

उल्लिखित संवादमा प्रौढ पात्रको भाषा स्पष्ट रूपमा देखापरेको छ । यी संवादहरूमा व्यावहारिकता तथा परिपक्वता झल्किएको पाइन्छ । उक्त संवादमा तपाईँहरूले मलाई सहयोग गर्नुपर्‍यो, मलाई सबै बुझाऊ, पत्रको बारेमा सोच्दै छु, सहयोग आउँछ भनिदिनू, शत्रु घोषणा गर्ने छौं  जस्ता कुराले प्रौढ पात्रको प्रतिनिधित्व गरेको पाइन्छ । निर्देशनात्मक, परिपक्व, व्यावहारिकपनका साथै मानक भाषाको प्रयोग प्रौढ पात्रहरूले गरेको देखिन्छ ।

**युवा पात्रहरूले प्रयोग गरेको भाषा :** साकार सपना कथामा आठ जना युवा पात्रहरू रहेका छन् । युवाहरूको भाषामा प्रेम, शृङ्गारिकता, रसिलोपन साथै रमाइलोपन देखिने भए तापनि प्रस्तुत कथामा भने रिसाहा, अनुरोध, आक्रोशित, विनम्रता जस्ता प्रवृतिलाई देखाइएको छ । ऐतिहासिक विषयवस्तुलाई उठान गरिएको प्रस्तुत कथामा पृथ्वीनारायण शाह, रामदास, सेक्रेटरी, उमदा, वंश, वंशराज, वीरभद्र र किनलक युवा पात्रको भूमिकामा देखिएका छन् । कथामा युवा पात्रहरूको भाषिक अभिव्यक्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

"महाराजले यो पत्र पठाउनुभएको छ ।" (पृ.१३)

"अनर, गोरखाका सैनिक धेरै छैनन्.... ।" (पृ.१४)

"गौराङ्ग मेरा फौजले तेरा फौजलाई सिन्धुली मै सखाप पार्‍या छन् । आगासँग खेल्न लागिस् ।" (पृ.१५)

"मेरा सपना तिमीहरूले पूरा गर्‍यौ । यसको श्रेय तिमेर्कै हो ।" (पृ.१६)

"अर्ना छाड, गोला फोर ।" (पृ.१६)

"पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौं । थप सेना पठाइदिनू ।" (पृ.१६)

माथिका संवादले युवा पात्रले प्रयोग गर्ने भाषाको प्रतिनिधित्व गरेको देखिन्छ । यहाँ ठुला व्यक्तिलाई सम्मानजनक आदरार्थी भाषाको प्रयोग गरिएको पाइन्छ । आफूमाथि जाइलाग्ने शत्रुलाई निम्न आदर र आफू सरहका व्यक्तिलाई मध्यम आदर प्रयोग गरेको देखिन्छ । पत्र पठाउनुभएको छ, अनर, गोरखाका सैनिक धेरै छैनन्, सखाप पार्न्या छ, आगासँग खेल्न लागिस, तिमेर्कैं हो, गोला फोर, थप सेना पठाइदिनू जस्ता भाषाले युवा मन र व्यवहारको प्रतिनिधित्व गरेको छ । समग्रमा युवा पात्रहरूको भाषामा आक्रोश, निराशा, अनुरोध, विनम्रता जस्ता भाषाको प्रयोग गरिएको देखिन्छ ।

### *शिक्षाका आधारमा भाषाको विश्लेषण*

भाषिक भेद सिर्जनाका विभिन्न कारणमध्ये शिक्षा पनि एक हो । समाजमा भाषालाई स्तरीय, शुद्ध र मानक बनाउन शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै पनि समाजमा शिक्षित र अशिक्षित व्यक्तिहरू रहन्छन् नै । शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा मानक र स्तरीय हुन्छ तर अशिक्षित व्यक्तिले प्रयोग गर्ने भाषामा अमानक र अशुद्ध भाषाको प्रभाव बढी देखिन्छ, शिक्षित र अशिक्षित व्यक्तिहरूको शब्दचयन, भाषाशैली, उच्चारण र विषयवस्तु उठानमा फरकपन देखिन्छ । शिक्षित व्यक्तिले लिखित र मौखिक दुवै रूपमा भाषिक व्यवहार गर्छन् तर अशिक्षित व्यक्तिले मौखिक रूपमा मात्र कथ्य भाषाको प्रयोग गर्दछन् । साकार सपना कथामा शिक्षित र अशिक्षित दुवै पात्रहरूको प्रयोग गरिएको पाइन्छ । शैक्षिक आधारमा ती पात्रहरूको विश्लेषण छुट्टाछुट्टै रूपमा तल प्रस्तुत गरिएको छ :

**शिक्षित पात्रहरूले प्रयोग गरेको भाषा :** समाजमा फरक फरक क्षमता भएका मानिस हुन्छन् । फरक सोच विचार र मानसिकता भएका व्यक्ति हुन्छन् । शिक्षित व्यक्तिहरूमा कुनै कुरा बुझ्न, बुझाउन, समस्या समधान गर्न औपचारिक शिष्ट र मानक भाषाको प्रयोग गर्न सक्ने क्षमता हुन्छ । चिठी पढ्न र लेख्न सक्ने क्षमता पनि केवल शिक्षित व्यक्तिमा नै हुन्छ । साकार सपना कथामा सोह्र जना पात्रहरू छन् जसमध्ये नौ जना शिक्षित पात्रहरू छन् । ती पृथ्वीनारायण शाह, जयप्रकाश मल्ल, गोल्डिङ, सेक्रेटरी, रम्बोल्ड, किनलक, हेयर से, वीरभद्र र श्रीहर्ष पन्त हुन् । शिक्षित पात्रहरूले प्रयोग गरेका केही भाषिक संवादलाई यहाँ प्रस्तुत गरिएको छ :

"गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन् । तपाईंहरूले मलाई सहयोग गर्नुपऱ्यो । तपाईंहरूलाई पर्दा म सहयोग गर्ने छु ।" (पृ. १२)

"नडरायो ! म तिमीहरूकै पत्रका बारेमा सोच्दै छु ।" (पृ. १३)

"ल जाओ तिमीहरु, तिमीहरूका राजालाई सहयोग आउँछु भनिदिनू ।" (पृ.१४)

"हाम्रा मित्र मल्ल राजालाई तिमीले लाएको नाकाबन्दी हटाऊ, हटाएनौ भने हामी तिमीलाई शत्रु घोषणा गर्छौं ।" (पृ. १४)

"मेरा सपना तिमीहरूले पूरा गऱ्यौ । यसको श्रेय तिमेर्कै हो ।" (पृ. १६)

"पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौँ । थप सेना पठाइदिनू ।" (पृ.१६)

उल्लिखित संवादहरूमा भाषिक शिष्टता, परिवेश अनुकूलको भाषिक व्यवहार, सान्त्वनात्मक, लेख्य र मानक भाषाको प्रयोग गरिएको छ । प्रस्तुत कथामा शिक्षित पात्रले लिखित र मौखिक दुवै भाषाको प्रयोग गरेका छन् । "गोरखाली राजाले कान्तिपुरमा आक्रमण गर्ने योजना बनाइरहेका छन् । तपाईँहरूले मलाई सहयोग गर्नुपऱ्यो । तपाईँहरूलाई पर्दा म सहयोग गर्ने छु ।" र "पहाडमा मानिसले मात्र होइन, जनावर, किरा र बिरुवाले पनि लडाइँ गर्दा रहेछन् । हामीले मल्ललाई सहयोग गर्न सकेनौँ । थप सेना पठाइदिनू ।" भन्ने भाषिक संवाद पत्रका माध्यमबाट भएका छन् । त्यसैगरी ल जाओ तिमीहरू, पत्रका बारेमा सोच्दै छु, यो श्रेय तिमेर्कै हो, सहयोग आउँछ भनिदिनू जस्ता भाषामा शिष्ट, स्तरीय र मानक भाषाको प्रयोग गरिएको देखिन्छ । यी भाषिक संवादले शिक्षित पात्रहरूको प्रतिनिधित्व गरेका छन् ।

**अशिक्षित पात्रहरूले प्रयोग गरेको भाषा :** औपचारिक शिक्षा लिनबाट बञ्चित मानिसहरूले प्रयोग गर्ने भाषा अशिक्षित भाषा हो । समाजमा रहेका अशिक्षित व्यक्तिहरूले प्रयोग गर्ने भाषामा कतै न कतै अशुद्ध, अमानक र स्तरहीन भएको पाइन्छ । अशिक्षित व्यक्तिलाई जटिल शब्द उच्चारण गर्न कठिन हुन्छ । साकार सपना कथामा पाँच जना पात्रहरू रामदास, उमदा, द्वारे, वंशु गुरुङ र वंशराज पाण्डे अशिक्षित पात्रका रूपमा रहेका छन् । प्रस्तुत कथामा अशिक्षित पात्रहरुले प्रयोग गरेका भाषिक संवादका नमुनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

"महाराजले यो पत्र पठाउनु भएको छ ।" (पृ.१३)

"अनर, गोरखाका सैनिक धेरै छैनन् ।....उतै खेतिपाती गर्दै छन् ।" (पृ. १४)

"महाराज, गौराङ्गको पत्र आएको छ ।" (पृ. १४)

माथि उल्लिखित उदाहरण अशिक्षित पात्रहरूले प्रयोग गरेका भाषिक अभिव्यक्ति हुन् । साकार सपना कथामा उच्च र मध्यम वर्गका पात्रहरूको मात्र प्रयोग भएको र ऐतिहासिक विषयवस्तुमा आधारित भएको हुनाले गर्दा अशिक्षित पात्रहरूको भाषामा खासै अमानक, असभ्य र अशिष्ट भाषाको प्रयोग भएको भने देखिँदैन ।

यसरी कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट साकार सपना कथामा रहेका पात्रहरूको समाजभाषिक अवस्थालाई केलाउँदा पात्रहरूको भाषामा कुनै न कुनै रूपमा विभेद रहेको देख्न सकिन्छ । कथाका पात्रहरूमा वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा उनीहरूले प्रयोग गरेको भाषा फरक रहेको देखिन्छ । कथामा प्रयुक्त पात्रहरूले प्रयोग गरेको भाषा समाजिक सन्दर्भ र प्रसङ्ग अनुरूप रहेको देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धानात्मक लेख कक्षा आठको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट साकार सपना कथामा रहेका पात्रहरूको समाजभाषिक विश्लेषणमा आधारित रहेको छ । यसमा समाज

भाषाविज्ञानको सैद्धान्तिक अवधारणालाई आधार बनाएर कथाको समाजभाषिक अध्ययन गरिएको छ। साकार सपना कथामा ऐतिहासिक विषयवस्तुको उत्कृष्ट ढङ्गले प्रस्तुत गरिएको छ। कथामा पृथ्वीनारायण शाहले विभिन्न राज्यमा विभाजित नेपाललाई एकीकरण गर्दै जाने क्रममा कीर्तिपुरमाथिको आक्रमण र निरन्तर प्रयासपछिको सफलतालाई प्रस्तुत गरिएको छ। यस कथामा उच्च र मध्यम वर्गीय पात्रहरूको भाषाको प्रयोग गरिएको छ । कथामा पुरुष पात्रहरूको मात्र प्रयोग गरिएको देखिन्छ । उमेरका आधारमा युवा र प्रौढ पात्रको मात्र भाषिक प्रयोग गरिएको छ । शिक्षाका आधारमा यस कथामा शिक्षित र अशिक्षित दुवै पात्रको भाषिक प्रयोग गरिएको देखिन्छ । भाषाशैलीका आधारमा साकार सपना कथा सरल, सहज र प्रष्ट देखिन्छ । पात्रहरूले प्रयोग गरेको भाषा सामाजिक सन्दर्भ र प्रसङ्ग अनुरूप रहेको छ ।

## अनुदान

यस लेखको तयारीका लागि कुनै अनुदान प्राप्त गरिएको छैन।

## स्वार्थको द्वन्द्वसम्बन्धी घोषणा

यस लेखसँग सम्बन्धित कुनै पनि विषयमा स्वार्थको द्वन्द्व नरहेको घोषणा गर्दछु।

## नैतिक स्वीकृति

यस लेखका नैतिक पक्षहरूलाई *इनोभेटिव प्रकाशन नैतिकता समिति*बाट स्वीकृति प्रदान गरिएको छ र यस जर्नलका नीतिहरू कमिटी अन पब्लिकेसन एथिक्स (कोप) ले निर्धारण गरेका मापदण्डहरू अनुरूप छन्।

## लेखको उत्पत्ति र सहकर्मी समीक्षा

यो लेख लेखकलाई आमन्त्रण गरेर तयार पारिएको होइन। यसलाई विज्ञहरूद्वारा *दोहोरो अदृश्य सहकर्मी समीक्षा* प्रक्रियाबाट मूल्याङ्कन गरिएको हो।

## तथ्याङ्क उपलब्धतासम्बन्धी घोषणा

यस अध्ययनका निष्कर्षहरूलाई समर्थन गर्ने तथ्याङ्कहरू सम्बन्धित लेखकलाई अनुरोध गरेपछि उपलब्ध गराइनेछन्। गोपनीयता वा नैतिक सीमाका कारण ती तथ्याङ्कहरू सार्वजनिक रूपमा उपलब्ध छैनन्।

## तथ्याङ्क साझेदारीसम्बन्धी घोषणा

यस अध्ययनसँग सम्बन्धित थप तथ्याङ्क उपलब्ध छैन।

## प्रतिलिपि अधिकार

यस लेखको प्रतिलिपि अधिकार लेखक (हरू) मै सुरक्षित रहेको छ। यसको पहिलो प्रकाशनको अधिकार जर्नललाई प्रदान गरिएको छ।

## खुला पहुँच

यो लेख क्रिएटिभ कमन्स एट्रिब्युसन लाइसेन्सका नियम र सर्तहरूअनुसार खुला पहुँचमा प्रकाशित गरिएको हो।

## सन्दर्भ सूची


अधिकारी, कविता (२०७८) *कर्णाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

खतिवडा, सिर्जना (२०७५), *आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरुको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सानोठिमी क्याम्पस ।

खनाल, राजेन्द्र (२०७८), *प्रयोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र* (दोस्रो संस्क.), सनलाइट पब्लिकेसन ।

घिमिरे, अम्बिका (२०७७), *बन्धनबाट मुक्ति उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सानोठिमी क्याम्पस ।

घिमिरे, हरिमाया (२०८०), *बार्दली उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

थापा, अनिता (२०७९), *टुवरा उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

पनेरु, नरेन्द्र (२०७४), *हरिबहादुर उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, त्रि. वि. ।

पाल, कविता (२०७५), *मयूर टाइम्स उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, त्रि. वि. ।

पौडेल, प्रतिमा (२०७८), *महारानी उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

भट्टराई, श्यामप्रसाद (२०७९), *सामाजिक तथा मनोभाषाविज्ञान* (दोस्रो संस्क.), जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ हाउस प्रा. लि. ।

भण्डारी, पारसमणि र पौड्याल, शालिकराम (२०७८), *समाज भाषाविज्ञान र मनोभाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

मिश्र, विमला (२०८०) *भोक र भित्ताहरू उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न बहुमुखी क्याम्पस ।

मैनाली, सिर्जना (२०७५) *अश्मी उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सानोठिमी क्याम्पस ।

रिजाल, सकुन (२०७४), *इन्साफ उपन्यासको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, त्रि. वि. ।

सापकोटा, अस्मिता (२०७४), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको समाजभाषिक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, सानोठिमी क्याम्पस ।